जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २१० | २०७८ साल चैत ९ गते बुधबार (23 Mar. 2022 Wednesday) | मूल्य रु. ५/-

कोभिडबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : स्थानीय तहको निर्वाचनमा... ३ पृष्ठमा : भूमिगत पानीको अत्यधिक ... ३ पृष्ठमा :नाइजेरियामा अन्धाधुन्ध ...

# सेनाद्वारा बालबिकास कक्षाकोठा भवन स्तरोन्नतीसहित हस्तान्तरण





**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ रम्पुरा मल्हनियास्थित राष्ट्रिय आधारभूत विद्यालयलाई दुई कोठे बालबिकास कक्षाकोठा भवन स्तरोन्नती गरि सेनाले मंगलबार हस्तान्तरण गरेको छ ।

नेपाली सेनाको नं. २७ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी हेमराज केसीले उक्त सुविधा सम्पन्न कक्षा कोठा भवन र शैक्षिक सामाग्रि विद्यालय प्रशासनलाई एक कार्यक्रमबीच हस्तान्तरण गरेका हुन् ।

विद्यालयका प्रधानाध्यापक राजकिशोर साहलाई स्तरोन्नती गरिएका भवन र शैक्षिक सामाग्रि हस्तान्तरण गर्दै प्रमुख अतिथि केसीले बालबिकास कक्षामा सहभागि हुने बालबालिकाको सुविधा र अहिलेको शिक्षा प्रणालीको आवश्यकतालाई ध्यानमा राखी उपलब्ध श्रोत साधन र दक्ष प्रबिधीको अधिक्तम प्रयोग गरि तयार पारिएको भवनले बालबालिकालाई ठूलो सहयोग मिल्ने विश्वास व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडाअध्यक्ष सत्यनारायण यादवले बालबालिकाका लागि सेनाले गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गरे ।

नेपाली सेनाको आर्थिक तथा प्राविधीक सहयोगमा भिम दल गणद्वारा २० दिनको समयमा तयार गरिएको बालबिकास कक्षाकोठा भवन स्तरोन्नतीसँगै म्याट्रेस, वाइड बोर्ड, स्टिल ऱ्याक, लो टेबल, कुर्सी, बेन्च, ह्वाइट बोर्ड लगायतका शैक्षिक सामाग्रिहरु समेत उपलब्ध गराइएको छ ।

त्यस्तै प्लास्टर, रंगरोगन, फ्लस निर्माणका साथै बालबालिकाहरुको सहजताका लागि भित्ताहरुमा नेपाली र अंग्रेजी वर्णमालामा अंकहरुसहितको अन्य उपयोगि चित्रहरु आकर्षक ढंगले कोरिएको भने भवन अगाडी र पछाडी चार/चार फिटको पेटी निर्माण गर्नुका साथै जमिनी सतहमा रहेको भवनको बेश हाइटलाई सुरक्षाको दृष्टिकोणले १८ इन्च अग्लो पारिएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले, भिमदल गणका गणपति निरज भण्डारी, बरख गणका सहायक गणपति किशोर खड्का, संचारकर्मीलगायत विद्यार्थी, अभिभावक र शिक्षकहरुको उपस्थिति रहेको थियो ।

# लागुऔषधसहित पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

सप्तरीको कंचनरुप नगरपालिका क्षेत्रबाट प्रहरीले एक यूवकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुरको बेलका नगरपालिका १ निवासी ३६ वर्षिय श्यामकुमार कार्की छन् ।

सोमबार साँझ कंचनरुप नगरपालिका ७ बलुवा चौकमा चेकजाच गर्ने क्रममा प्रहरीले उनले बोकेको कालो झोलाबाट लागुऔषध बरामद गरेको थियो ।

पक्राउ परेका कार्कीका साथबाट ४५ थान डाइजेपाम, ४७ थान प्रोमेथाजाईन, ४४ थान लेगेसिक, २ थान सिरिन्ज, एक थान प्रयोग भएको सिरिन्ज, ३ थान फुटेको डाइजेपाम, ३ थान फुटेको प्रोमेथाजाइन र ३ पिस फुटेको लेगेसिक बरामद भएको प्रहरीले जनाएको छ ।

नियन्त्रणमा लिइएको कार्कीमाथी थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

# काँग्रेसको क्षेत्र नं. २ का पदाधिकारीहरुको पदस्थापन

**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

नेपाली काँग्रेस सप्तरी क्षेत्र नं. २ का नवनिर्वाचित क्षेत्रीय समितिका पदाधिकारीहरुको मंगलबार पदस्थापन गरिएको छ ।

दोस्रो पटक पुनः जिम्मेवारी पाएका नवनिर्वाचित क्षेत्रीय सभापति महानन्द प्रसाद यादवलाई केन्द्रीय सदस्य दिनेशकुमार यादवले प्रमाणपत्र विवरण गर्दै पदस्थापन गराए ।



केन्द्रीय सदस्य यादवले पार्टीभित्र भएको आन्तरिक चुनावलाई 'लोकतन्त्रको अभ्यास' को संज्ञा दिँदै यसमा कसैको हारजित नभई कांग्रेसको जित भएको बताए ।

यस्तै जिम्मेवारी ग्रहन गर्दै क्षेत्रीय सभापति यादवले अबको लक्ष्य स्थानीय तहको निर्वाचन रहेको बताए । कांग्रेस कार्यकर्ता एकजुट भएर लागेमा सप्तरीका १८ मध्ये दुई तिहाई स्थानीय तह कांग्रेसले नै जित्ने दाबी गरे ।

उपसभापति महेन्द्र यादव, श्याम यादव, सचिव मनोज

*बाँकी अन्तिम पृष्ठमा*




## सूचना ! साधारण सभाक सूचना

एहि श्री चित्रगुप्त सेवा समिति, सप्तरी राजविराजक ४७ म साधारण सभा निम्नानुकुलक दिनाङ्क, समय आ स्थानमे सम्पन्न होएबाक भेल निर्णय अनुरुप समितिक सम्पूर्ण साधारण, आजीवन आ मानार्थ सदस्यलोकनिके जानकारी हेतु ई सूचना प्रकाशन कएल गेल अछि ।

समितिक विधान भाग ६, दफा ७ अनुरुप निर्धारित दिनाङ्क, समय आ स्थानपर आयोजित होइवाला एहि साधारण सभामे अपनेक गरिमामय उपस्थिति प्रार्थनीय अछि । समितिक विधान भाग १० दफा १२.२ अनुरुप ई सूचना प्रकाशन करैत साधारण सभामे उपस्थित भऽ सफल बना देबाक हेतु समस्त सरोकारवालामे विनम्रतापूर्वक हार्दिक आग्रह अछि ।

**४७ म साधारण सभाक :**

**स्थान :** स्टार डिलक्स होटलको सभाहल, राजविराज

**दिनाङ्क :** वि.सं. २०७८ साल चैत १२ गते (ई.सं. २६ मार्च २०२२) शनिदिन

**समय :** दिनक ११ बजेसँ

**प्रस्ताव सूची :**

(१) समितिक बार्षिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(२) समितिक लेखा प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(३) छात्रबृत्ति समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(४) निर्वाचन समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन तथा गठन,
(५) आगामी बर्षक कार्ययोजना आ आय-व्यय सम्बन्धमे,
(६) नवकार्यकारिणीक गठन सम्बन्धमे,
(७) विविध वा अन्य ।

**विनित/ प्रार्थी**
**महासचिव**
**श्री चित्रगुप्त सेवा समिति**
**सप्तरी, राजविराज**

## सम्पादकीय

# जनताको हातमा नेताको भविष्य

स्थानिय तह निर्वाचनको मिति तय भएसँगै अहिले राजनीतिक माहौल तातिदै गएको छ । आउँदो बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनका लागि सबै राजनीतिक दलहरुले सक्रियता बढाएका छन् । निर्वाचनको मिति नजिकिदै जाँदा दलका शिर्ष नेताहरुको दौडधुप समेत बढेको छ । ती दलहरुले आन्तरिक रुपमा उम्मेदवारहरुको छनौट कार्य समेत सुरु गरिसकेका छन् । कतिपय दलले उम्मेदवारहरुसँग आन्तरिक छलफल तथा गृहकार्य गरिरहेका छन् । यति मात्र नभएर दलहरुले चुनाव जित्ने उम्मेदवारहरुलाई सँगै लिएर चुनावी रणभूमीमा होमिएका छन् । यता सप्तरीमा भने यस चुनावी रणभूमिका सबैभन्दा बढी होमिएको दल जसपा रहेको छ । जसपाका केन्द्रिय अध्यक्ष उपेन्द्र यादवको चुनावी क्षेत्र रहेको सप्तरी क्षेत्र नं. २ अन्तरगत सप्तरी सदरमुकाम राजबिराजको प्रमुखमा उम्मेदवारीका लागि तिब्र प्रतिष्पर्धा रहेको छ ।

राजबिराज नगरको बर्तमान प्रमुख शम्भुप्रसाद यादवले पुनः सोही पदमा दोरोरिने आंकाक्षा व्यक्त गरेका छन् भने जसपाका अर्का नेता भिमराज यादवले पनि प्रमुखमा दाबेदारी प्रस्तुत गर्दैआएका छन् । यी दुबै जसपा नेता प्रमुखको टिकट पाउन आन्तरिक तयारीमा होमिएका छन् । यस्तै लोसपा, काँग्रेस, एमाले, माओवदी केन्द्र, जनमत, नेकपा एसलगायतका पार्टी पनि राजबिराज नगरको प्रमुखमा बलियो उम्मेदवार उठाउने तयारीमा जुटेको छ । प्रमुख राजनीतिक दलहरुको केन्द्र बिन्दु रहेको राजबिराज नगरपालिकाको प्रमुख पद आफ्नो पोल्टोमा पार्न निकै व्यस्तका साथ लागिपरेका छन् ।

म्यादी प्रहरीको भर्ना खुलेसँगै राजनीतिक दलहरु चुनावी माहौलमा होमिएका छन् । उनीहरु जसरी पनि बढी भन्दा बढी स्थानिय तहलाई आफ्नो पोल्टोमा पार्न प्रयासरत छन् । निर्वाचनमा जनता सर्वपरी रहेकाले जनताले रुचाएका उम्मेदवार नै निर्वाचित हुनेछन् । तसर्थ बितेका बर्षहरुमा निर्वाचित जनप्रतिनिधीहरुले गरेको कामको मुल्याङ्कन गर्दै कुर्सीमा कसलाई बसाउने अब जनता नै सर्वपरी भएका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानीय तहको निर्वाचनमा जुटे दलहरू

जनकपुर, ८ चैत (रासस) ।

स्थानीय तह निर्वाचनको मिति नजिकिँदै जाँदा मधेस प्रदेशका जिल्लामा राजनीतिक दलहरूले निर्वाचन केन्द्रित गतिविधिलाई तीव्रता दिएका छन् । अधिकांश स्थानीय तहको चुनावी परिणाम आफ्नो पक्षमा पार्ने उद्देश्यका साथ नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलगायत दलका नेता कार्यकर्ता यतिबेला चुनाव केन्द्रित कार्यक्रम लिएर गाउँ-गाउँ पुग्न थालेका हुन् ।

सरकारले २०७९ वैशाख ३० गते स्थानीय तह निर्वाचनको मिति घोषणा गरेको छ । सरकारको घोषणासँगै निर्धारित मितिमै चुनाव सम्पन्न गर्ने तयारीमा रहेको निर्वाचन आयोगले आगामी वैशाख ११ र १२ गते उम्मेदवारी मनोनयनपत्र दर्तालगायत कार्यतालिका प्रकाशन गरिसकेको छ । निर्वाचनको मिति नजिकिँदै जाँदा मुख्य राजनीतिक दलको ध्यान उम्मेदवार छनोटदेखि मतदाता रिझाउनमा केन्द्रित बनेको छ । उम्मेदवारको आकाङ्क्षीदेखि विभिन्न राजनीतिक दलका नेताहरू पुग्न थालेपछि सहरदेखि ग्रामीण क्षेत्रमा समेत चुनावी माहोल बन्दै गएको स्थानीयवासी बताउँछन् ।

अघिल्लो स्थानीय तह चुनावमा देखिएको कमी-कमजोरीलाई सच्याएर चुनावी परिणाम कसरी आफ्नो पक्षमा पार्न सकिन्छ भन्ने रणनीतिका साथ चुनाव केन्द्रित कार्यक्रम सञ्चालन गरिरहेको कांग्रेस मधेस प्रदेशका सभापति कृष्णकुमार यादवले जानकारी दिनुभयो । प्रदेशभरिका सबै स्थानीय तहको वडावडामा टोल समिति गठन गर्नुका साथै पालिकास्तरीय, प्रदेशसभास्तरीय र सङ्घीय निर्वाचन क्षेत्रस्तरीय भेला सम्पन्न गरिसकेको सभापति यादवले बताउनुभयो ।

"स्थानीय तह निर्वाचन लक्षित कार्यक्रम गरिरहेका छौँ", प्रदेश सभापति यादवले भन्नुभयो, "स्थानीय तह निर्वाचनमा नगरपालिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षका आकाङ्क्षीको छनोट सम्बन्धमा समेत बहस र छलफल भइरहेको छ ।" आगामी स्थानीय तह निर्वाचनमा पार्टीलाई कसरी पहिलो बनाउने विषयमा नेता कार्यकर्ताबीच नियमित छलफल भइरहेको उहाँको भनाइ थियो ।

पार्टी विभाजनपश्चात मधेस प्रदेशमा खस्किएको आफ्नो साखलाई आगामी स्थानीय तह निर्वाचनमार्फत फर्काउने उद्देश्यका साथ एमालेले पनि मधेस प्रदेशका आठवटै जिल्लाका स्थानीय तहमा चुनावलक्षित कार्यक्रमलाई अगाडि बढाएको छ । एमाले नेता तथा मधेस प्रदेश सहइञ्चार्ज लीलानाथ श्रेष्ठले स्थानीय तहका टोल समिति गठनसँगै वडा वडामा टोल भेला तथा प्रशिक्षण दिने कार्यक्रम भइरहेको जानकारी दिनुभयो ।

स्थानीय तहका प्रत्येक वडामा पाँचदेखि १५ वटासम्म टोल कमिटी गठन गरिएको र भातृ संस्थाको भेला, प्रशिक्षण र कमिटी गठनको कार्य जारी रहेको उहाँले जानकारी दिनुभयो । "केही साताअघि मात्रै पार्टीको प्रदेशस्तरीय प्रशिक्षण सकिएको छ", श्रेष्ठले भन्नुभयो, "अब स्थानीय तह केन्द्रित भेला, प्रशिक्षण र अन्तर्क्रिया गरिरहेका छौँ ।" त्यो सकिएपछि उम्मेदवार छनोटको कार्य अघि बढाउने गरी तयारीमा जुटेको उहाँको कथन छ ।

त्यस्तै माओवादी केन्द्रले पार्टीको नगर तथा गाउँपालिकामा जनवर्गीय सङ्गठन गठनलाई तीव्रता दिनुका साथै नेता कार्यकर्तालाई गाउँगाउँमा खटाएको छ । विभिन्न जिल्लामा पार्टीभित्र देखिएको विवादलाई हल गर्दै पार्टीलाई जिताउने गरी तयारीमा जुट्न गाउँ-गाउँमा नेता, कार्यकर्तालाई परिचालन गरिएको नेकपा (माओवादी केन्द्र)का मधेस प्रदेश अध्यक्ष प्रह्लाद बुढाथोकीले बताउनुभयो ।

चुनावी तयारीस्वरुप माओवादी केन्द्रले मंगलबार पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा पार्टीको मधेस प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमसमेत गर्न लागेको छ ।

त्यसैगरी अघिल्लो स्थानीय तहको निर्वाचनमा मधेस प्रदेशमा बलियो पकड बनाएको जनता समाजवादी पार्टीले पनि आनो पुरानो साखलाई कायम राख्दै अझै थप केही स्थानीय तहमा जित निकाल्ने गरी तयारीमा जुटेको छ । स्थानीय तहको निर्वाचनलाई लक्षित गरी टोल कमिटी गठन गर्ने, प्रशिक्षण अभियान सञ्चालन गर्नेलगायत कार्य अगाडि बढाएको जसपा मधेस प्रदेशका सचिव दिनेशकुमार यादवले जानकारी दिनुभयो ।

"गाउँ-गाउँमा पार्टी प्रवेश कार्यक्रमदेखि भेला, अन्तर्क्रिया र प्रशिक्षणलगायतका कार्यक्रम गरिरहेका छौँ", सचिव यादवले भन्नुभयो, "अहिले हाम्रो पार्टीमा आउनेहरुको सङ्ख्या बढ्दै गएको छ, त्यसैले हामी पार्टी प्रवेश कार्यक्रमसँगै चुनाव केन्द्रित कार्यक्रमलाई अघि बढाइरहेका छौँ ।" अघिल्लो निर्वाचनमा भन्दा यसपालिको निर्वाचनमा आफ्नो पार्टीले बढी स्थानीय तह जित्ने दाबीसमेत उहाँले गर्नुभयो ।

पार्टी विभाजनबाट बनेको नेकपा (एकीकृत समाजवादी)ले पनि चुनावी गतिविधि अघि बढाएको छ । पार्टीका प्रदेश सचिव सुधीरकुमार साहका अनुसार एकीकृत समाजवादीले पनि अहिले प्रदेशका अधिकांश स्थानीय तहमा सङ्गठन विस्तार र भेला गरिरहेको छ ।

मुलुक बिखण्डनको मुद्दा छाडेर मूलधारको राजनीतिमा फर्किएको डा सिके राउत नेतृत्वको जनमत पार्टीले पनि मधेस प्रदेशमा स्थानीय तह निर्वाचनलक्षित कार्यक्रम सुरु गरेको छ । जनमत पार्टीले सप्तरीबाट माटो यात्रामार्फत चुनावी अभियान सुरु गरेको छ । जनमत माटो यात्रामा सहभागी गाडीमा 'अबकी बार, सीके सरकार' नारासमेत देखिएको छ ।

यसैबीच स्थानीय तहको निर्वाचनलाई लक्षित गरी म्यादी प्रहरी भर्नाको लागि सूचना जारी भएपछि मधेस प्रदेशका जिल्लामा आवेदन भर्ने मधेसी युवाको भीड बढेको छ । म्यादी प्रहरी भर्नाका लागि आवेदन दर्ता गराउन जिल्ला प्रहरी कार्यालय धनुषामा दैनिकरूपमा ठूलो भीड लाग्ने गरेका छन् । स्थानीय तह निर्वाचनमा खटिने म्यादी प्रहरीको भर्नामा युवाको बढ्दो आकर्षणले पनि आसन्न स्थानीय तहको निर्वाचनको वातावरण बन्दै गएको बुझ्न सकिन्छ ।

यसरी राजनीतिक दलहरूले चुनावलक्षित गतिबिधिलाई तीब्रता दिएपछि निर्वाचनको माहोल बन्दै गएको स्थानीय बुद्धिजीवीको भनाइ छ । कूल नौ हजार ६६१ वर्ग किलोमिटर क्षेत्रफल रहेको मधेस प्रदेशमा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिकासहित १३६ स्थानीय तहमा एक हजार २७१ वडा छन् ।

## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौंवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकैं नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेबा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# भूमिगत पानीको अत्यधिक दोहन मानव सभ्यतामाथिकै चुनौती

**अशोक घिमिरे**
काठमाडौं, ८ चैत (रासस)।

भूमिगत पानीको अत्यधिक दोहन, पुनःभरणका समस्या, मुहान तथा तालतलैयाको संरक्षणको अभावमा मानव सभ्यतासँग जोडिएको पानीको उपलब्धतामा सङ्कट हुनसक्ने सम्भावनामा बढ्दै गएको छ।

बढ्दो जनसङ्ख्या, सिँचाइ, कृषि उत्पादन, औद्योगिकीकरणलगायत कारण विश्वभर पानीको प्रयोगमा बढोत्तरी आएको छ। वैज्ञानिक खोज अनुसन्धानमा विश्व धेरै अगाडि बढिसक्दा हालसम्म पानीको कुनै विकल्प पत्ता लागेको छैन। सम्पूर्ण प्राणी र वनस्पति जगत्को जीवनयापनको आधारशीलाका रुपमा पानीको दिगो एवं बुद्धिमत्तापूर्व प्रयोग गर्दै भावी पुस्ताका लागि हस्तान्तरण गर्नुपर्ने आवश्यकता महसुस हुँदै गएको छ। मानव सभ्यतासँग जोडिएको पानीको उपयोगमा चुकेको अवस्थामा भविष्यमा आउन सक्ने जल सङ्कटले मानव जातिलाई भयावह अवस्थामा पुऱ्याउन सक्ने चर्चा हुन थालेको छ।

भविष्यमा पानीकै कारण विश्वमा द्वन्द्व बढ्न सक्ने खतरा औंल्याउन थालिएको छ। विश्वमा सतही र भूमिगत पानीको प्रयोग हुँदै आएको छ। पानीको उचित संरक्षण गरी सबैका लागि सुरक्षित पानी उपलब्ध गराउने र पानीको निर्विकल्पिता एवं महत्वसम्बन्धी सचेतना जगाउने उद्देश्यले विश्व पानी दिवस मनाईदै आइएको छ। आज २२ मार्चअर्थात् विश्व पानी दिवस। 'अदृश्य भूमिगत जल: गरौं यसको उजागर' भन्ने नाराका साथ मंगलबार विश्वभर पानी दिवस मनाईदै छ।

जलस्रोतको धनीमध्येको एक नेपालमा भूमिगत जललाई पिउने पानी, सिँचाइ, औद्योगिक कलकारखानालगायतमा प्रयोग गर्ने गरिएको पाइन्छ। पानीको स्रोत नभएका स्थानमा भूमिगत पानीको प्रयोग गरी स्वच्छ पिउने पानी तथा सिँचाइको प्रबन्ध हुँदै आएको छ। एक करोड अर्ब घनमिटर पानीमध्ये नेपालमा १३ अर्ब घनमिटर भूमिगत पानी रहेको अनुमान छ। नेपालको भूमिगत पानी विश्वकै तुलनामा स्वच्छ रहेको विज्ञको भनाइ छ। नेपालमा भूमिगत पानीको प्रयोग गरी पाँच लाख हेक्टरमा सिँचाइ सुविधा पुगेको तथ्याङ्क छ।

नेपालमा उपलब्ध भूमिगत पानीमध्ये १.५ अर्ब घनमिटर पानी सिँचाइ र ०.२ अर्ब घनमिटर पानी पिउनका लागि प्रयोग हुने गरेको विभिन्न अध्ययनले देखाएका छन्। काठमाडौं उपत्यकामा पिउने प्रयोजनका लागि भूमिगत पानीको प्रयोग हुँदै आएको छ। काठमाडौं उपत्यकामा मात्रै दैनिक ११ करोड लिटर पानी जमिनमुनिबाट निकाल्ने गरिएको छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडलगायत विभिन्न पानी सेवाप्रदायकले भूमिगत पानी निकाली नागरिकसमक्ष पुऱ्याउँदै आएका छन्घस।

अझै पनि १० प्रतिशत नागरिक स्वच्छ पिउने पानीको पहुँचबाट टाढा रहेको वाटरएड नेपालले जनाएको छ। ९० प्रतिशत नागरिकमा आधारभूत खानेपानीमा पहुँच पुगेको छ। पानीको पहुँच पुगेकामध्ये १८ प्रतिशतले मात्र सुरक्षित पिउने पानीको प्रयोग गर्दै आएका उक्त संस्थाले जनाएको छ। नेपालमा वार्षिकरुपमा सरदर २२५ अर्ब घनमिटर पानी उपलब्ध हुने अनुमान छ। सोमध्ये १२ अर्ब घनमिटर पानी भूमिगत जलस्रोतका रुपमा पुनःभरण हुने गरेको छ। विश्वभरमा लगभग आधा पिउने पानी, सिँचाइका लागि ४० प्रतिशत, उद्योगका लागि ३३ प्रतिशत पानी प्रयोग हुने गरेको तथ्याङ्क छ। भूमिगत पानीले पारिस्थितिकीय प्रणालीलाई सन्तुलित बनाउँदै आएको छ।

विश्व पानी दिवसका अवसरमा जल तथा ऊर्जा आयोगले आयोजना गरेको कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले स्वच्छ जलको आवश्यकता पूर्ति गर्ने भूमिगत जलको विषयमा सचेतना फैलाइ यसको समुचित संरक्षण, पुनःभरण, दिगो, किफायती र सन्तुलित उपयोगलाई जनमानसमा पुऱ्याउनुपर्ने बताउनुभयो।

सतही जलस्रोतको तुलनामा भूमिगत जलस्रोतका विषयमा पर्याप्त ध्यान नपुगेको आफूले पनि महसुस गरेको भन्दै उहाँले यसको समुचित संरक्षण, सन्तुलित दोहन र पर्याप्त पुनःभरणका सम्बन्धमा लाग्न आग्रह गर्नुभयो। भूमिगत जलको उत्पादकत्व बढाउने कृत्रिम जलाशय निर्माण, पुनःभरण, सन्तुलित दोहन, प्रदूषण न्यूनीकरणलगायतका योजनालाई प्राथमिकतामा राखेर नीति योजना बनाइने बताउनुभयो। "पानी प्रकृतिले दिएको निर्विकल्प अमूल्य उपहार हो। यसर्थ पानीलाई समृद्धि र समस्त प्राणी वनस्पतिका जीवनको आधार तथा पर्यावरणको आधारका रुपमा लिई भूमिगत जलको महत्वलाई आत्मसात् गरी यसको उचित संरक्षण, समुचित एवं दिगो उपयोगका क्षेत्रमा आ-आफ्नातर्फबाट विशेष भूमिका खेल्न आग्रह गर्दछु", उहाँले भन्नुभयो।

राष्ट्रिय योजना आयोगका सदस्य सुरेन्द्रलाभ कर्णले मानव सभ्यता पानीसँग जोडिएकाले पानीको उपलब्धताको अवभामा मानव सभ्यता नै सङ्कटमा पर्न

## विश्व समाचार

### नाइजेरियामा अन्धाधुन्ध गोली हानी १६ गाउँलेको हत्या

अबुजा, ८ चैत (रासस/सिन्ह्वा)।

नाइजेरियाको उत्तर पश्चिमी राज्य जामफारामा अज्ञात बन्दुकधारीले अन्धाधुन्ध गोली हानी १६ सर्वसाधारण गाउँलेको हत्या गरेका छन्। समाचारअनुसार ती गाउँलेमाथि अज्ञात बन्दुकधारीले गोली हानेको जामफारा प्रहरीले सो घटनाको पुष्टि गरेको छ।

उक्त राज्यको गनार कियाना भन्ने गाउँमा पुगेर गाउँलेमाथि गोली चलाएका हुँदा ठूलो संख्यामा आएका बन्दुकधारीले गोली प्रहार गरेर उनीहरुको हत्या गरेको र धेरैलाई सख्त घाइते बनाएका छन्। गत आइतबार राति सो गाउँमा ठूलो हिंसा भएको हुँदा ती गाउँलेको कसले र किन हत्या गरेको भन्ने बारेमा भने प्रहरीले केही पनि बताएको छैन।

प्रत्यक्षदर्शीहरुले ती गाउँलेमाथि ठूलो संख्यामा आएका हतियारधारी बन्दुकले हमला गर्दा दर्जनौं गाउँलेलाई घाइते बनाएका छन्। गाउँमा गएका केही महिनादेखि हिंसाका घटना भइरहेको तर त्यो हत्याको जिम्मेवारी भने कुनै पनि समूहले लिएको छैन। उक्त राज्यका प्रहरी प्रमुखले शान्ति सुरक्षा कायम गर्नका लागि भन्दै यहाँको प्रान्तीय सरकारसँग थप सुरक्षाकर्मी माग गरेको जानकारी दिएको सिन्ह्वा समाचार समितिले जानकारी दिएको छ।

### संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा सुडानको हिंसात्मक हमलाको निन्दा

संयुक्त राष्ट्रसङ्घ, ८ चैत (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेंसले हालैका दिनमा सुडानमा जारी रहेका हिंसात्मक हमलाको कडा शब्दमा निन्दा गर्नुभएको छ। महासचिव गुटरेसले यस्ता हिंसात्मक हमला रोकेर आवश्यक मात्रामा नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउन पनि माग गर्नुभएको छ।

नागरिकको शान्तिपूर्णरुपमा बाँच्न पाउने अधिकार भएकाले यी अधिकारको सम्मान गर्न आग्रह गर्दै यस्ता जघन्य अपराधमा सङ्लग्नलाई कडाभन्दा कडा कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुएको छ। उहाँले हत्या हिंसा रोक्न माग गर्दै सम्बद्ध पक्षलाई सबै प्रकारका समस्याको समाधान शान्तिपूर्णरुपमा खोज्न पनि आग्रह गर्नुभएको छ। सुडानमा जारी रहेको पछिल्लो समयको हिंसामा परी सयौं नागरिकले ज्यान गुमाएका छन्।

### अमेरिकामा एक महिनामा दुई लाख ७० हजार बालबालिका सङ्क्रमित

लस एन्जलस, ८ चैत (रासस/सिन्ह्वा)।

अमेरिकामा पछिल्लो एक महिनामा दुई लाख ७० हजार बालबालिका कोरोनाभाइरसबाट नयाँ सङ्क्रमित भएका छन्। अमेरिकाको बालबालिका अस्पताल संघले सोमबार दिएको जानकारीअनुसार महामारी सुरु भएदेखि अहिलेसम्म भने एक करोड २० लाख ८० हजारभन्दा बढी सङ्क्रमित भएका छन्।

गत मार्च १७ सम्ममा पछिल्लो एक हप्तामा भने ३१ हजार ९९१ बालबालिका कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। ठूलो सङ्ख्यामा बालबालिका कोरोनाभाइरसबाट सङ्क्रमित भएको विषयलाई अमेरिकी अधिकारीले चिन्ताको रुपमा लिएका छन्। "यसले बालबालिकाको स्वास्थ्यमा असर पार्नेछ भन्ने कुरालाई गम्भीर रुपमा लिनुपर्दछ, त्यसैले त्यसतर्फ बेलैमा ध्यान दिनुपर्दछ," एक अधिकारीले भने।

### पाँच देशले रुसलाई दवाव बढाउने

लण्डन, ८ चैत (रासस/एएनआई)।

अन्तरराष्ट्रिय जगतमा प्रभावशाली पाँच देशले यूक्रेन माथीको आक्रमण रोक्न रुसलाई दवाव दिने भएका छन्। बेलायती सरकारद्वारा जारी वक्तव्यका अनुसार बेलायत, अमेरिका, फ्रान्स, जर्मनी र इटलीले रुसलाई आक्रमण रोक्न दवाव बढाउने निर्णय गरेका हुन्।

युक्रेन सङ्कट समाधानका लागि गर्न सकिने प्रयासका बारेमा छलफल गर्न बेलायतले बैठकको संयोजन गरेको जनाइएको छ। बैठकमा सहभागी नेताले यूक्रेन सङ्कटप्रति चिन्ता व्यक्त गर्दै रुस विरुद्ध अव चर्को दवाव दिनुपर्ने निश्कर्ष निकालेको बेलायती प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

उनीहरुले आ आफ्नो देशको तर्फबाट कुटनीतिक पहल पनि गर्ने र संयुक्त प्रयास पनि गर्ने सहमति भएको वक्तव्यमा उल्लेख गरिएको छ। रुसले गत फेब्रअरी २४ देखि यूक्रेनमा आक्रमण सुरु गरेपछि समस्या समाधानका लागि पटक पटक वार्ता भएपनि ठोस उपलब्धी हुनसकेको छैन। त्यसैगरी विश्वका अधिकांश देशले युक्रेनमाथी रुसले अन्याय गरेको भन्दै आक्रमण नगर्न रुसलाई आग्रह गरे पनि आक्रमण भने अहिलेसम्म जारी नै छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734

# नर्घोमो व्यवसायिक साक्षरता तालिम शुरु




**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

सप्तरीको राजगढ गाउँपालिका वडा नं. ३ स्थित नर्घोमा तिन दिने व्यवसायिक साक्षरता तालिम मंगलबारदेखी शुरु भएको छ ।

युरोपियन यूनियनको आर्थिक सहयोग, वेल्टहङ्गरहिल्फेको प्राविधिक सहयोग तथा आसमान नेपालको अगुवाईमा राजगढ गाउँपालिका एवं दलित सरोकार मञ्च नेपाल सप्तरीको सहकार्यमा राजगढ गाउँपालिकामा "नागरिक सक्रियता" परियोजनाले सो तीन दिने व्यवसायिकसाक्षरता तालिम सञ्चालन गरेको हो ।

सो तालिममा राजगढ गाउँपालिकाका वडा नं. २ का सृजनशिल महिला समूह तथा वडा नं.३ का सरस्वती महिला समुहकी महिला/युवती सदस्यहरुलाई तीन दिने व्यवसायिक साक्षरता तालिम सञ्चालन गरिएको दलित सरोकार मञ्चका सुशासन सहजकर्ता उपेन्द्र कुमार मरिकले बताए ।

उक्त कार्यक्रममा राजगढ गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष सिताराम यादव र दलित सरोकार मञ्चका जिल्ला संयोजक राजकुमार पासवानले संयुक्त रुपमा ब्यानर पढेर तालिम उदघाटन गरे ।

तालिममा लक्षित ग्राहकको पहिचान र बिक्रय कलाको विकास, व्यवसायिक योजनाको महत्व, व्यवसायको अर्थ, प्रकार, महत्व र फाईदा, लागत तथा बिक्रि मूल्य निर्धारण र लगत तथा लागतका तत्वहरु बजार र बजारीकरण लगायत बिषयबस्तुहरु समिटिने मञ्चले जनाएको छ । तालिमको प्रमुख प्रशिक्षक दिपक साह शंकरले सहजिकरण गरिरहेका छन् ।

# निर्वाचनमा तालमेल हुने वा नहुने कांग्रेसको हातमा छ : अध्यक्ष प्रचण्ड

जनकपुर, ८ चैत (रासस) ।

पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले आसन्न स्थानीय तहको निर्वाचनमा पाँच दलीय गठबन्धनबीच तालमेल हुने वा नहुने कुरा नेपाली कांग्रेसमा निर्भर रहेको बताउनुभएको छ ।

सो पार्टीको मधेश प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमलाई सम्बोद्धन गर्न मंगलबार जनकपुरधाम आइपुग्नु भएका अध्यक्ष प्रचण्डले जनकपुर बिमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै सो कुरा बताउनुभएको हो ।

"अहिलेसम्म पाँच दलीय गठबन्धनभित्र कुनै प्रकारको तिक्तता छैन्", उहाँले भन्नुभयो, "आसन्न निर्वाचनमा पनि तालमेल गरेर जानुपर्ने कुरा भइरहेको छ, तर तालमेल हुने वा नहुने कुरा नेपाली कांग्रेसको हातमा छ ।" अध्यक्ष दाहालले हामीले गठबन्धलाई निरन्तररुपमा अघि बढाउनुपर्ने पक्षमा छौं तर कांग्रेसभित्र तालमेलको बिषयलाई लिएर फरक फरक कुरा आइरहेकाले आगामी यात्रा कसरी अघि बढ्छ, त्यो कांग्रेसकै भूमिकामा निर्भर हुने बताउनुभयो ।

"स्थानीय तहको निर्वाचनमा कांग्रेस तालमेल गर्न तयार भए आफूहरू पनि तयार छौं, तर कांग्रेसले गर्न चाहेन भन्ने हामी पनि आफ्नै तरिकाले चुनाबमा जान्छौं", उहाँले भन्नुभयो, "त्यसैले कसरी जाने भन्ने कुरा कांग्रेसकै हातमा छ ।" हामी आफ्नै खुट्टामा उभिएर चुनाबी परिणाम ल्याउने गरी तयारी गरिरहेको उहाँको भनाइ छ ।

अध्यक्ष दाहालले पाँच दलीय गठबन्धनमा लोकतान्त्रिक समाजवादी पार्टीलाई पनि सामेल गराउने बिषयमा गठबन्धनभित्र कुनै छलफल नभएको तर प्रधानमन्त्री र लोसपाका नेताबीच छलफल भइरहेको जानकारी दिदैं सत्तासाझेदार दलबीच मन्त्री हेरफेरबारे छलफल भइरहेको बताउनुभयो ।

"मन्त्रिपरिषद्मा हेरफेरको कुरा चलेको छ, तर अहिलेसम्म औपचारिक रुपमा टुंगिएको छैन", उहाँले भन्नुभयो, "केही मन्त्रालय हेरफेर हुने सम्भावना छ, केही नयाँ आउने सम्भावना छ ।" अध्यक्ष दाहालले अब बस्ने प्रतिनिधिसभाको बैठकमा नागरिकता विद्येयक र रेलसम्बन्धी विद्येयक प्रस्तुत हुने बताउँदै त्यही बैठकबाट दुवै विधेयक पारित गरिने पनि जानकारी दिनुभयो ।

# पूर्वमन्त्री सिंह र कलाकार मानन्धर एमालेमा

काठमाडौं, ८ चैत रासस) ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मंगलबार जनता समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री प्रेमबहादुर सिंह, लोकप्रिय कलाकार करिश्मा मानन्धरलगायतलाई पार्टी प्रवेश गराउनुभएको छ ।

अध्यक्ष ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शङ्कर पोखरेलले उहाँहरूलाई स्वागत गर्नुभएको थियो । सोही अवसरमा पर्सा जिल्लाको माओवादी केन्द्रका बाबुराम कौसिक र जनता समाजवादीका कार्यकर्ता पनि सोही पार्टीमा प्रवेश गर्नुभएको थियो ।

# निर्वाचन आयोगको आचारसंहिता कार्यान्वयन नगर्न आदेश

काठमाडौं, ८ चैत (रासस) ।

सर्वोच्च अदालतले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन बहालवाला जनप्रतिनिधिले राजीनामा दिनुपर्ने निर्वाचन आयोगको आचारसंहिता कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश बमकुमार श्रेष्ठको एकल इजलासले बहालवाला जनप्रतिनिधिले पदबाट राजीनामा दिनुपर्ने आयोगको आचारसंहिता कार्यान्वयन नगर्न सो आदेश दिएको हो । आदेशमा भनिएको छ, "दुवै पक्षसँगको छलफलबाट अन्तरिम आदेश जारी हुने वा नहुने विषयमा निर्णय नहुँदासम्म सुविधा र सन्तुलन तथा विषयवस्तुको गम्भीरताको दृष्टिबाट निवेदकले माग गरेको बमोजिम निर्वाचन आचारसंहिता, २०७८ को दफा ३६ कार्यान्वयन नगर्नु नगराउनु ।" अदालतले दुवै पक्षलाई छलफलका लागि यही चैत १३ गते बोलाएको छ ।

निर्वाचित जनप्रतिनिधिले पुन:उम्मेदवार हुन पदबाट राजीनामा दिनुपर्ने निर्वाचन आयोगको आचारसंहिता खारेजीको मागसहित सोमबार सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले रिट निवेदन दायर गर्नुभएको थियो । आयोगले बनाएको आचारसंहिता गैरकानुनी भएको र केन्द्र तथा प्रदेशको हकमा नपर्ने तर स्थानीय तहका प्रतिनिधिलाई मात्र लक्षित गरेर बनाइएको आचारसंहित गैरकाकानुनी भएको रिट निवेदनमा उल्लेख थियो । निर्वाचन आयोगले आगामी वैशाख ३० गते ७५३ वटै स्थानीय तहको निर्वाचन एकैपटक गर्ने तय गरेको छ । निर्वाचनमा फेरी उठ्न चाहने जनप्रतिनिधिले राजीनामा दिनुपर्ने आचारसंहितामा अदालतले तत्कालका लागि रोक लगाएको छ ।

## भूमिगत पानीको ...

सक्ने बताउनुभयो । चुरे विनास, कृत्रिम तालतलैयाको अतिक्रमणलगायत कारणबाट तराईका २२ जिल्लामा भूमिगत पानीको अभाव हुनसक्ने खतरा औंल्याउँदै उहाँले नेपाल जलस्रोतमा धनी भए पनि पानीको उपयोग र व्यवस्थापनमा अत्यन्त गरिब रहेको बताउनुभयो । "पानी प्रशस्त भए पनि ठूलो जनसङ्ख्यालाई अझै पनि स्वच्छ पानीको व्यवस्था गर्न सकिएको छैन", उहाँले भन्नुभयो, "उपलब्ध पानीको शुद्धता र गुणस्तरमा पनि चुनौती छ ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव मणिराम गेलालले भूमिगत पानीको अत्यधिक दोहनलाई नियन्त्रण गर्ने पानीको अभाव पूर्ति गर्न तथा जलाधार क्षेत्रबाट पानी स्थानान्तरण गर्नुपर्ने बताउनुभयो । पानीको दिगो र समुचित प्रयोगको व्यवस्था मिलाउने, अनुसन्धान गर्ने, जलाधार क्षेत्रको संरक्षण गर्ने र पानीको उपयोग गर्ने नीति बनाउन पनि उहाँले आग्रह गर्नुभयो ।

लोकसेवा आयोगका सदस्य माधव बेल्वासेले जलाधार क्षेत्रको संरक्षण, भूमिगत जलसम्पदाको विस्तृत अध्ययन, भूमिगत जल उत्खननका लागि अनुमतिको व्यवस्था तथा तालतलैयाको संरक्षण र निर्माणमा प्रोत्साहित गर्नुपर्ने बताउनुभयो । उहाँले राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा तराई मधेसमा भूमिगत पानीको स्रोतका रुपमा भावर क्षेत्रलाई पनि समेट्न सुझाव दिनुभयो ।

वाटर एड नेपालका देशीय प्रतिनिधि तृप्ती राईले दिगो विकास लक्ष्यले लिएको उद्देश्य हासिल गर्न सबै नागरिकलाई स्वच्छ र सङ्क्रमणमुक्त पिउने पानीको व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो । एसिया प्रकोप पूर्वतयारी केन्द्रका विज्ञ लक्ष्मण शर्माले पानीको सदुपयोग गरी आर्थिक विकास र दीर्घकालीन प्रयोगको उचित वातावरण बनाउनुपर्ने बताउनुभयो । आयोगका सहसचिव कलानिधि पौडेलले विश्वभर संसारमा स्वच्छ पानीलाई भूमिगत पानीको स्रोतका रुपमा मानिने भए पनि बढ्दो जलवायु परिवर्तनको प्रभाव भूमिगत पानीमा परिरहेको बताउनुभयो ।

## कांग्रेसको क्षेत्र...

माझी, विष्णुदेव यादव, सहसचिव दिपक चौधरी, पुनमकुमारी साह तथा अन्य सदस्यहरुलाई भने नवनिर्वाचित क्षेत्रीय सभापति यादवले पदस्थापन गराए ।

कार्यक्रममा कांग्रेसका पुराना नेता विरबल विराजी, नवनिर्वाचित जिल्ला सभापति रामदेव साह, क्षेत्र नम्बर १ का सभापति ललनप्रसाद गुप्ता, प्रदेश क का सभापति महेन्द्र यादव, प्रदेश ख का सभापति श्याम यादव, महाधिवेशन प्रतिनिधि रन्धिर कर्ण, युवा नेता किरण भगत, अमिर झा, फत्ते मोहम्मद, निर्वाचन समितिका प्रतिनिधि संतोश भण्डारी लगायतले शुभकामना व्यक्त गरेका थिए ।

ग्यौंसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु

- ग्यौंस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्यौंसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्यौंस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्यौंस सिलिन्डर र सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए, तुरुन्त मर्मत गरौं।
- ग्यौंस सिलिण्डर लिंदा सिल भए/नभएको हेरेर मात्र लिऔं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*